# गंभीर RSV विरुद्ध आफ्नो बच्चालाई बचाउनु होस्

**जनवरी २०२५**

रेस्पिरेटरी सिन्सिशियल भाइरस (RSV) फोक्सोलाई असर गर्ने एउटा आम भाइरस हो। यो बच्चाहरू र वृद्ध वयस्कहरूका लागि धेरै खतरनाक हुन सक्छ। यो बच्चाहरुका लागि अस्पतालमा भर्ना हुनु पर्ने अवस्थाहरुको प्रमुख कारण हो। सौभाग्यवश, गम्भीर RSV बाट बच्चाहरूलाई जोगाउन दुई विकल्पहरू उपलब्ध छन्, र अधिकांश बच्चाहरुलाई मात्र एउटा जरूरी हुन्छ: गर्भावस्थामा दिइने RSV खोप वा बच्चालाई दिइने nirsevimab RSV एन्टिबडी। तपाईंको नवजात शिशुलाई जन्मेपछि अस्पतालमा nirsevimab दिन सकिन्छ। यसले RSV विरुद्ध **तत्काल सुरक्षा** दिन्छ र यो **कम्तिमा पाँच महिनासम्म** रहन्छ।

यदि तपाईंलाई यो जानकारी लिन वा बुझ्न मद्दत चाहिन्छ भने, ahs.vdhimmunizationprogram@vermont.gov मा सम्पर्क गर्नुहोस्।

**गम्भीर RSV का कारण बच्चालाई अस्पतालमा भर्ना हुनबाट रोक्नका लागि Nirsevimab ९०% प्रभावकारी छ।**

## RSV तथ्यहरू



- RSV को मौसम शरद ऋतुमा सुरु हुन्छ र जाडो याममा चरम सीमामा पुग्छ।
- संक्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा, RSV भएको व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कमा रहँदा वा दूषित सतह छुँदा यो फैलिन सक्छ।
- RSV द्वारा संक्रमित अधिकांश वयस्कहरूमा कुनै लक्षण देखा पर्दैन। भएकाहरुमा पनि सामान्यतया हल्का, रुघा-खोकी जस्ता लक्षणहरु हुन्छन्।
- RSV भएका अधिकांश साना शिशुहरूमा लगभग सधैं लक्षणहरू देखा पर्छन्। यसमा चिडचिडापन, गतिविधिमा कमी, कम खाने-पिउने, र एपनिया (१० सेकेन्डभन्दा बढी समयसम्म सास फेर्न रोकिने) समावेश छन्।
- RSV ले शिशु र साना बच्चाहरूमा ब्रोन्काइटिस (फोक्सोको सानो वायुमार्गमा इन्फ्लेमेशन) वा निमोनिया (फोक्सोको संक्रमण) जस्ता गम्भीर रोग निम्त्याउन सक्छ।

## RSV एन्टिबडी (Nirsevimab)



- RSV एन्टिबडी एक पटक (शट) मा दिइन्छ।
- यो ८ महिना मुनिका शिशुहरूका लागि सिफारिस गरिन्छ जसलाई पहिले नै आमाको RSV खोप मार्फत सुरक्षित गरिएका छैनन्। अक्टोबर देखि मार्च महिनामा यो बच्चाहरूलाई दिइन्छ।
- साइड इफेक्टहरू सामान्यतया हल्का रहन्छन् र चाँडै समाप्त हुन्छन्।

**HealthVermont.gov/RSV**

**802-863-7200**

VERMONT
DEPARTMENT OF HEALTH